# आठ

# विद्युतीय सञ्चारमाध्यमहरू

मोरङमा २००७ सालको जनक्रान्तिअघि नै रेडियोको स्थापना भएको हो । त्यस बेलादेखि अहिलेसम्म करिब आधा शताब्दी समय व्यतित भइसकेको स्थितिमा मोरङमा प्रसारण पत्रकारिताको लेखाजोखा र चर्चा गर्नु आवश्यक भएकाले यहाँ सानो प्रयास गरिएको छ ।

## नेपाल प्रजातन्त्र रेडियो

राणाहरूको एकतन्त्रीय शासनविरुद्ध २००७ सालमा जनक्रान्तिको आह्वान भएपछि नेपाली जनतालाई त्यसमा सरिक गराउन उत्प्रेरित गर्ने र आन्दोलनमा प्राप्त उपलब्धि एवं सूचनाहरूलाई नेपाली जनतासमक्ष पुऱ्याउने उद्देश्यका लागि प्रत्येक नेपालीका घर-घरमा पुग्ने प्रभावकारी सञ्चार माध्यमको खाँचो महसुस भएकोले *नेपाल प्रजातन्त्र रेडियो*को स्थापना भएको थियो । यसको स्थापना २००७ मङ्सिर २८ गते विराटनगरको भारतीय सीमावर्ती बजार रानीस्थित रघुपति जूट मिलको एउटा सानो कोठामा भएको मानिन्छ । वास्तवमा यसको नामबारे पनि अझै अन्योल र भ्रमहरू पाइन्छन् । कतिपय लेखकहरूले यो रेडियोको नाम *प्रजातन्त्र नेपाल रेडियो* भएको



श्रीयुक्त अपरेटर एवं कार्यकर्तागण
नेपाल प्रजातन्त्र रेडियो
विराटनगर

महानुभाव,

विदित हो कि अन्य वर्षों की नाईं इस वर्ष भी हम छात्रों ने स्थानीय नवीन शिक्षा सदन में श्रीसरस्वती पूजोत्सव माघ शुक्ल पंचमी रविवार तदनुसार ता० ११-२-५१ई० कोमनाने का आयोजन किया है ।

अत: आप सज्जनों से निवेदन है कि उक्त शुभ अवसर पर सबन्धु वान्धव अपने शुभागमन से इस समारोह को सुशोभित करें ।

निवेदक
छात्र एवं छात्री वृन्द
नवीन शिक्षा सदन विराटनगर

नेपाल प्रजातन्त्र रेडियोको नाम उल्लेख भएको निमन्त्रणा पत्र

पनि उल्लेख गरेका छन् । तर त्यसबेलाको एउटा निमन्त्रणा-पत्र[९] प्राप्त भएकाले अब यसको नाममा दुविधा राख्नुपर्ने स्थिति छैन र यसको नाम *नेपाल प्रजातन्त्र रेडियो* भएको पुष्टि भएको छ ।

वास्तवमा यो रेडियो अहिलेको जस्तो साधनसम्पन्न रेडियो नभएर एउटा आकाशवाणी सेटबाट सञ्चालित रेडियो थियो र सर्टवेभको ४१ मिटर ब्याण्डबाट प्रसारण हुन्थ्यो । यो रेडियोको प्राविधिक कार्य डिगमप्रसाद प्रधान (वि.सं. १९७८-२०५५)ले गरेका थिए । यसको नियन्त्रण तारिणीप्रसाद कोइराला (वि.सं. १९७७-२०३१)को हातमा थियो । यथार्थमा यसको सर्वेसर्वा तारिणीप्रसाद कोइराला नै थिए । यो रेडियोको स्थापना भएपछि जनक्रान्तिका समाचारहरू नेपाली जनतासमक्ष सजिलैसँग पुऱ्याउन सकिएको थियो भने क्रान्ति-गीतको प्रसारणबाट नेपाली जनतालाई क्रान्तिको पक्षमा उत्प्रेरित गर्न पनि सहयोग पुगेको थियो ।



**तारिणीप्रसाद कोइराला**

यस रेडियोबाट प्रथम उद्घोषकका रूपमा तारिणीप्रसाद कोइरालाले नेपाली नागरिकलाई सम्बोधन गर्दै- "जय नेपाल । *नेपाल प्रजातन्त्र रेडियो*बाट तारिणीको अभिवादन । हामी नेपालीको मुक्ति क्षेत्र विराटनगरबाट प्रजातन्त्रको सन्देश सुनाउन लागेका छौं..." भनेको कुरा कतिपय लेखकले उल्लेख गरेका छन् । यस रेडियोका माध्यमबाट रानुदेवी अधिकारी, शान्ति मास्के, विमला मास्के, शीलु तुम्बाहाङ्फे आदिका स्वरमा त्यसबेला थुप्रै क्रान्ति-गीतहरू बजेका थिए । यस्ता गीतहरूमा सबैभन्दा चर्चित रानुदेवी अधिकारीद्वारा गाइएको एउटा गीत यस्तो छः



**डिगमप्रसाद प्रधान**

नेपाली,
अघि बढ हातमा क्रान्ति झण्डा लिई, क्रान्ति झण्डा लिई, नेपाली...
आऊ आऊ दिदीबहिनी आऊ आऊ दाजुभाइ
अब हामी अघि बढौं काँधमा काँध मिलाई जन्मभूमिलाई सपारौं सब मिली....ई...ई..., नेपाली...

---

[९] यो निमन्त्रणा पत्र मेरा पिता *रेडियो नेपाल*का प्राविधिक डिगमप्रसाद प्रधानको पुराना कागजपत्रको पोकामा फेला परेको हो । यसले रेडियोको नामसम्बन्धी विवादको मात्र अन्त्य गर्दैन, अपितु त्यसबेला विराटनगरमा हिन्दी भाषाको जगजगी रहेको तथ्यको पुष्टि समेत गर्छ ।

वीर छौं नेपाली हामी हामीमा होश छ
देशलाई अघि बढाउन हामीमा जोश छ
जन्मभूमिलाई सपारौं सब मिली....ई...ई..., नेपाली...

नेपाल प्रजातन्त्र रेडियोमा वाद्यवादकका रूपमा कृष्णप्रसाद अधिकारी, कृष्णप्रसाद दाहाल र हरि श्रेष्ठ आदिले काम गरेका थिए । कृष्णप्रसाद अधिकारी बौवाजीको नामले चिनिन्थे र उनले २०३० सालसम्म आदर्श विद्यालयमा सङ्गीत शिक्षकका रूपमा पनि काम गरेका थिए । सो विद्यालयमा उनी कक्षा सुरु हुनुअघि 'वरदे नमन छ बारम्बार' प्रार्थना-गीत सधैं हारमोनियम बजाएर आफू पनि गाउँथे र विद्यार्थीलाई पनि गाउँन लगाउँथे । उद्घोषकका रूपमा इन्दिरा आचार्यले पनि सो रेडियोमा सेवा पुऱ्याएकी थिइन् भने प्रसिद्ध भारतीय साहित्यकार फणीश्वरनाथ रेणुले पनि सो रेडियोलाई सहयोग गरेका थिए ।[१०]

उक्त रेडियोले नेपाली जनतालाई क्रान्ति विषयक समाचारहरूका लागि चार भाषामा समाचार प्रसारण गर्ने व्यवस्था गरेको बुझिन्छ । ती नेपाली, नेवारी, हिन्दी र अङ्ग्रेजी थिए । नेपाली समाचार स्वयं तारिणीप्रसाद कोइरालाले वाचन गर्थे भने नेवारीमा गजाधरभक्त माथेमा (वि.सं. १९८४-२०५४), हिन्दीमा तारिणीप्रसाद निर्झर र अङ्ग्रेजीमा विजयालक्ष्मी कोइराला समाचार-वाचक थिए ।


गजाधरभक्त माथेमा

उक्त रेडियो स्टेशन केही दिनपछि नै रघुपति जूट मिलको सानो कोठाबाट त्यस बेलाको मोरङ कटन मिलको अतिथि-गृहमा सारिएको थियो र क्रान्तिमा राणा पक्षको पराजय भएपछि त्यसबेला राणाको गभर्नर बस्ने निवास (हाल प्रमुख जिल्ला अधिकारी बस्ने सरकारी आवास) सँग जोडिएको पुरानो काठको घरमा स्थानान्तरण गरिएको थियो । यसरी *नेपाल प्रजातन्त्र रेडियो*ले २००७ सालको क्रान्तिकालमा महत्त्वपूर्ण योगदान पुऱ्याएको देखिन्छ । प्रजातन्त्रको स्थापनाको लगत्तैपछि २००७ चैत २० गते यसलाई काठमाडौंमा लगियो र *रेडियो नेपाल* बन्यो ।

## नेपाल टेलिभिजन क्षेत्रीय प्रसारण केन्द्र, विराटनगर

*नेपाल टेलिभिजन*को केन्द्रीय प्रसारण नपुगेका ठाउँहरूमा टेलिभिजनका कार्यक्रमहरूलाई पुऱ्याई प्रसारणलाई अधिराज्यव्यापी गर्ने उद्देश्यले पहिलो

---

[१०] इन्दिरा आचार्य मातृकाप्रसाद कोइरालाकी बहिनी, डा. पिनाकीप्रसाद आचार्यकी पत्नी र सुश्री शैलेजा आचार्यकी आमा हुन् ।

पटक २०४६ वैशाख १९ गतेदेखि *नेपाल टेलिभिजन*ले क्षेत्रीय प्रसारण केन्द्र विराटनगरमार्फत आफ्ना कार्यक्रम र समाचार प्रसारणको कार्य थालनी गऱ्यो । सो प्रसारणका लागि *नेपाल टेलिभिजन*ले नेपाल दूरसञ्चार संस्थानको विराटनगरस्थित टावरमा एन्टेना राखेर काम चलाइको थियो । त्यसबेला विराटनगरमा भारतीय दूरदर्शन पनि त्यत्ति प्रभावकारी रूपमा आउँदैनथ्यो, तर कलकत्ताबाट प्रसारण हुने बंगाली कार्यक्रम र ढाका, बंगलादेशको बंगाली कार्यक्रम भने राम्ररी आउँथ्यो ।

वीरेन्द्र सभागृहमा कार्यालय राखी सञ्चालन भएको सो केन्द्रले क्षेत्रीय स्तरमा समाचार प्रसारण र कार्यक्रम निर्माण गर्ने गरेको थियो । त्यसबेला काठमाडौंबाट प्रसारण भएका समाचारहरू हवाईजहाजबाट विराटनगर पुऱ्याई भोलिपल्ट मात्र प्रसारण हुन्थ्यो । तत्कालीन प्रमुख गोकुलसिंह खत्रीका अनुसार समाचार सुरुमा १५ मिनेट दिने गरिएकोमा पछि समय बढाएर आधा घण्टा पुऱ्याइएको थियो । त्यसबेला काठमाडौंबाट आएका राजु सिलवाल, गगन विरही (श्रेष्ठ) र दीपा गौतम समाचारवाचक थिए । इन्दिरा प्रसाईं र मन काफ्लेलाई पनि समाचारवाचकका रूपमा विराटनगरमा नियुक्त गरिएको थियो । समाचार सम्पादनको कार्य पवन श्रेष्ठले हेर्थे । कहिलेकाहीँ काठमाडौंबाट समाचारको क्यासेट आई नपुग्दा अत्यन्त अप्ठचारो स्थिति बेहोर्नु पर्ने कुरा खत्रीले जानकारी दिनुभयो । उहाँका अनुसार त्यस्तो अवस्थाका लागि पुराना नहुने खालका समाचारकथा र फिचरहरू स्टकमा राखिन्थे ।

केन्द्र सञ्चालनका लागि सुरुमा करिब १९ जनाको टोली काठमाडौंबाट विराटनगर पुगेको थियो । टोलीमा प्राविधिज्ञ, छायाँकार, भिडियो सम्पादकसमेत थिए । सुरुमा २०० वाटको ट्रान्समिटर राखेर सञ्चालन गरिएको सो केन्द्रको ट्रान्समिटर पछि एक किलोवाट क्षमताको बनाइएको थियो । सो केन्द्रले प्रत्येक दिन साँझ छ बजेदेखि राति नौ बजेसम्म समाचार प्रसारण गर्ने गरेकोमा पछि समय बढाएर राति १० बजेसम्म प्रसारण गर्ने गरिन्थ्यो ।

खत्रीका अनुसार क्षेत्रीय प्रसारण केन्द्र विराटनगरको प्रसारण विशेषतः मोरङ र सुनसरी जिल्लामा राम्ररी हेर्न सकिन्थ्यो भने दर्शकहरूबाट भोजपुर, तेह्रथुममा समेत देखिने प्रतिक्रिया प्राप्त भएको थियो । कतै-कतै बुस्टर राखेर भने हेर्न सकिएको प्रतिक्रियासमेत प्राप्त भएको उनको भनाइ थियो ।

२०४६ चैत २६ गतेको राजा वीरेन्द्रको निर्दलीय पञ्चायत व्यवस्था समाप्त पारी देशमा बहुदलीय प्रजातान्त्रिक संसदीय व्यवस्था लागु गरिएको ऐतिहासिक घोषणा भने सो केन्द्रले सोही समयमा प्रसारण गरेको थियो । सो घोषणाको केही दिन अघि नै भेडेटारस्थित चार्ली प्वाइन्टमा अस्थायी टावर स्थापना गरिसकिएकाले सो प्रसारण सम्भव भएको खत्रीले बताए । केन्द्रीय कार्यालय काठमाडौंबाट महत्त्वपूर्ण घोषणा हुने सम्भावना भएको खबर गरिएपछि सो दिन निर्धारित समयमा स्टेशन बन्द नगरी गीतहरू बजाएर

राति ११ बजेतिर राजाको सो घोषणा सोभ्कै प्रसारण गरिएको थियो । यसरी केन्द्रीय प्रसारण सोभ्कै पूर्वाञ्चल पुग्न थालेकाले चैतको अन्त्यमा सो केन्द्रबाट प्रसारण कार्य बन्द गरिनुका साथै अन्ततः केन्द्र नै खारेज गरियो ।

त्यसबेला दक्षिण कोरिया सरकारले नेपाल सरकारलाई सामुदायिक टेलिभिजन केन्द्रका लागि भनेर दिएका टेलिभिजन सेटमध्ये करिब २०० वटा गोल्डस्टार टेलिभिजन पूर्वाञ्चलका भोजपुर, तेह्रथुम, मोरङ र सुनसरी जिल्लामा वितरण गरिएको थियो । तर वितरित टेलिभिजन सेटहरू गाउँका ठूलावडा र प्रधानपञ्चले निजी रूपमा उपभोग गरेकाले पछि सरकारको निर्णयअनुसार सो टेलिभिजन सेटहरू फिर्ता लिइयो । त्यसबेला समसामयिक कार्यक्रमका रूपमा रहेको आठ बजे कार्यक्रम पनि केही अङ्क विराटनगरमा सो केन्द्रबाट बनाइएको खत्रीको भनाइ छ । त्यसैबेला विराटनगरमा उद्घोषिकाका रूपमा नम्रता कुँवर, बेञ्जु ढुङ्गेललाई भर्ना गरिएको थियो ।

विराटनगरमा क्षेत्रीय प्रसारण केन्द्रको स्थापनाअघि राजाको २०४४ सालको पूर्वाञ्चल क्षेत्रीय भ्रमणको क्रममा विराटनगर बरगाछीमा *नेपाल टेलिभिजन*को सम्पर्क कार्यालयको स्थापना गरिएको थियो । सो केन्द्रले राजाका भ्रमणसम्बन्धी वृत्तचित्र, समाचार र समाचारकथाहरू उत्पादन गरेको बुझिन्छ ।

## कोशी एफएम

२०४६ सालको जनआन्दोलनपछि पुनर्स्थापित बहुदलीय संसदीय प्रजातान्त्रिक व्यवस्थाले देशका सबै क्षेत्रमा एकप्रकारले नयाँ उल्लास र उमङ्गका साथै स्वतन्त्रताको वातावरण सिर्जना गर्नु स्वाभाविक थियो । यसको सबैभन्दा पहिलो र महत्त्वपूर्ण प्रभाव सञ्चार क्षेत्रमा परेको देखियो । नेपाल अधिराज्यको संविधान-२०४७ ले प्रेस स्वतन्त्रताको प्रत्याभूति गरेपछि पत्रकारिता क्षेत्रमा यसको अनुकूल प्रभाव पऱ्यो र राजधानीबाट ठूला आकारका दैनिक पत्रिकाको प्रकाशन हुन थाल्यो । काठमाडौंमा एफएम स्टेसनको स्थापना भयो । यसै सन्दर्भमा मोरङको विराटनगरमा पनि विद्युतीय सञ्चार माध्यमका रूपमा लोकप्रिय हुँदै गएको एफएम स्टेसनको स्थापना हुनु एक उल्लेखनीय घटना मान्नु पर्छ । तर देशको विभिन्न ठाउँमा चलिरहेको एफएमको लहर हेर्दा विराटनगरमा एफएमको स्थापना पोखरा, हेटौंडा, बुटबल र पाल्पाभन्दा पछि ढिलो भएको हो ।

पूर्वाञ्चल विकास क्षेत्रकै पहिलो एफएम स्टेसन *कोशी एफएम*को स्थापना प्रजातन्त्रको पुर्नबहाली भएको ११ औँ वर्षमा अर्थात् २०५७ सालमा पुरुषोत्तम सापकोटाको एकल लगानीमा भएको हो । यसले सोही वर्षको माघ १ गतेदेखि आफ्नो प्रसारण सुरु गरे पनि आँधी-हुरीका कारण सो स्टेसनको एण्टेना २०५७

सालको चैतमा ढलेपछि प्रसारण बन्द गर्न पऱ्यो । करिब सात महिना पूर्ण रूपमा बन्द भएपछि २०५८ असोज २३ गतेदेखि पुनः प्रसारण सुरु भयो । स्थापनाताका दिनको आठ घण्टाबाट आफ्नो प्रसारण प्रारम्भ गर्ने *कोशी एफएम*ले २०५९ असोज २९ अर्थात् विजयादशमीदेखि आफ्नो प्रसारण अवधि बढाएर ११ घण्टा पुऱ्याएको हो । विहान ६ बजेदेखि १० बजेसम्म चार घण्टा, दिउँसो १२ बजेदेखि ३ बजेसम्म तीन घण्टा र साँझ ५ बजेदेखि राति ९ बजेसम्म चार घण्टा यो प्रसारण हुन्छ । यसको प्रसारण पूर्वाञ्चल विकास क्षेत्रका १६ जिल्लामै सुन्न सकिने बताइए पनि कतिपय जिल्लामा राम्ररी सुन्न सकिँदैन ।

*कोशी एफएम*ले समाचार प्रसारणको कार्य भने आफ्नो स्थापनाको करिब एक महिनापछि २०५७ सालको फागुनदेखि मात्र थालेको थियो । त्यसबेला हप्तामा तीन दिन समाचार प्रसारण गर्ने गरिन्थ्यो भने २०५८ मङ्सिर १० गतेदेखि विहान ६ बजे "सुप्रभातम् कोशी" र साँझ ६ बजे "कोशीको सन्देश"का नाममा १५ देखि २० मिनेट समाचार प्रसारण गर्न थालेको छ । ९४.३ मेगाहर्जमा प्रसारण हुने *कोशी एफएम*बाट प्रसारण हुने विहानका समाचारहरू सबैजसो *कान्तिपुर* र *नेपाल समाचारपत्र* दैनिकका साथै स्थानीय पत्रपत्रिकाबाट लिने गरेको देखिन्छ भने साँझमा प्रसारण हुने समाचारहरू भने पत्रपत्रिकाका साथै रेडियो स्टेशनको आफ्ना सम्वाददाताहरूमार्फत प्राप्त हुन्छ ।

यस एफएममा सुरुदेखि शरदराज सुवेदी, शेखर रेग्मी, शम्भु भण्डारी, प्रज्ज्वलमान श्रेष्ठ र नीतू दाहाल गरी पाँचजना समाचारवाचक कार्यरत रहेकोमा हाल पछिल्ला दुईजना बाहेक अरूले एफएम छाडिसकेका छन् । यस एफएममा कार्यरत समाचारवाचकहरू विद्युतीय सञ्चार माध्यमको प्रभावकारिताका कारण यसमा संलग्न भएका देखिन्छन् । समाचारपत्रिकामा वर्षौं काम गर्दा पनि आफूलाई चिनाउन नसकिने तर रेडियोमा काम गर्दा श्रोतासम्म सजिलै पुग्न सकिने हुनाले पनि छापाका पत्रकारहरू एफएमतिर आकृष्ट भएका हुन् । त्यसैले पारिश्रमिक नपाउँदा पनि स्वयंसेवकका रूपमा समाचारवाचकहरू त्यहाँ कार्यरत छन् । तर समाचार प्रसारणलाई वस्तुपरक र प्रभावकारी बनाउनका लागि *कोशी एफएम*मा समाचार इकाईको स्थापना गर्नु अत्यन्त आवश्यक छ । अन्यथा विना पारिश्रमिक लामो समयसम्मको स्वयंसेवाले समाचार प्रसारणलाई स्तरीयता प्रदान गर्न सक्दैन । यस एफएमको निर्देशकमा चैतन्य सापकोटा, स्टेसन मेनेजरमा सन्देशदास श्रेष्ठ र कार्यक्रम निर्देशक रमेश हतवाली रहनु भएको छ । यस स्टेशनमा सबैगरी ३५ जना कर्मचारी कार्यरत रहेका छन् ।

मिडिया करेन्ट प्रा.लि., विराटनगरले *मिडिया करेन्ट*का नाममा एफएम सञ्चालन गर्ने स्वीकृति लिएपनि (प्रेस काउन्सिल नेपाल २०६०: १५६)सो एफएम सञ्चालन भने भएको छैन ।